विषयहरु :-

१. भक्तपुर क्राफ्ट पेपर लि. को लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति बारे ।

२. मासु पसल, खाद्य उपभोग्य पसलको प्रतिवेदन बारे ।

३. बाल श्रम सार्वजनिक प्रतिवेदन बारे ।

४. FE Recovery Programme को अफिस र जनशक्ति व्यवस्थापन बारे ।

५. सफाई ठेक्का र सेवा करारमा कर्मचारीहरुको म्याद थपबारे ।

६. पेश्की फछ्र्यौट बारे ।

७. सम्मान बारे ।

८. खर्च समर्थन बारे ।

९. सान्नान प्रिफेक्चरमा जाने प्रतिनिधि मण्डलको खर्च बारे ।

मिति २०७३।३।१३ गतेको निर्णयहरु :-

१. भक्तपुर क्राफ्ट पेपर लि.को मिति २०७१।१२।२८ गतेको विशेष साधारण सभाले लेखा परीक्षक प्रमाण पत्र नम्बर ४३१(ख) का सुरेन्द्र हाडा (हाडा एसोसियट्स) लाई उक्त लि.को आ.व.२०७०/०७१ र २०७१/०७२ को लेखा परीक्षकको रुपमा नियुक्ति गरी निजले उक्त आ.व.हरुको लेखा परीक्षण प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनहरुमा कम्पनीको यथार्थ आर्थिक विवरण पेश भएको नदेखिएको हुंदा उक्त प्रतिवेदनहरु रद्द गर्नका साथै उक्त कम्पनी भक्तपुर नगरपालिकाको सतप्रतिशत स्वामित्वमा रहेको संस्था भएको हुंदा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३८ बमोजिम भक्तपुर नगरपालिकाको आ.व. २०७१/०७२ को लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षक एम. तिवारी एण्ड एशोसियट्सलाई नै उक्त कम्पनीको आ.व. २०७०/०७१ र २०७१/०७२ को लेखा परीक्षण गर्न लेखा परीक्षकको रुपमा नियुक्त गर्न उक्त कम्पनीको संचालक समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

२. यस न.पा. क्षेत्रभित्र संचालित खाद्य उपभोग्य बस्तु बेचबिखन गर्ने पसल, होटल, रेष्टुरेण्टहरुमा उपलब्ध खाद्य उपभोग्य वस्तुहरुको गुणस्तर, नाप तौललगायत सरसफाई र बालश्रम सम्बन्धमा यस न.पा.को नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, प्रहरी, जनस्वास्थ्य, उद्योग वाणिज्य संघ, राष्ट्रिय उपभोक्ता मंच र उपभोक्ता मंचका प्रधिनिधिहरुको रोहवरमा २०७३।२।३२ गते निरीक्षण गर्दा म्याद नाघेका खाद्य सामाग्रीहरु सम्बन्धित कार्यालयका प्रतिनिधिहरुको रोहवरमा नष्ट गरेको मुचुल्कासहितको प्रतिवेदन पेश भई छलफल हुंदा उक्त प्रतिवेदनलाई पारित गरी सम्बन्धित व्यवसायीहरुलाई समेत पत्र पठाउन श्यानिटेशन उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

३. भक्तपुर नगर क्षेत्रमा संचालित किनारा पसल, होटेल, रेष्टुरेण्टहरुमा बाल श्रमको अवस्था सम्बन्धमा यस यस न.पा.को संयोजनमा मिति २०७३।२।३२ गते जिल्ला प्रशासन कार्यालय भ.पु., महानगरीय प्रहरी परिसर भक्तपुर, जिल्ला जनस्वास्थ्य कार्यालय, भ.पु., उद्योग वाणिज्य संघ, भ.पु. लगायतले निरीक्षण गर्दा कुनै पनि व्यवसायमा बाल श्रम लगाएको छैन भनी यस न.पा. कार्यालयमा द.नं. १०११० मिति २०७३।३।५ गते पेश भएको प्रतिवेदन सम्बन्धमा छलफल हुंदा उक्त प्रतिवेदनलाई पारित गर्ने र भक्तपुर नगर क्षेत्रभित्रको व्यवसायहरुमा बाल श्रम निवारणको लागि आवश्यक निरीक्षण, पत्राचार र व्यवस्थापन गर्न स.क.अ. भूपाल मूललाई जिम्मा दिने निर्णय गरियो ।

४. मिति २०७२ बैशाख १२, १३ र २९ गते गएको विनासकारी भूकम्पबाट भक्तपुरमा क्षति भएका सम्पदाहरु विद्यालयहरु र बाटोमा ढुंगा छपाई लगायत पुनः निर्माण कार्यको लागि KFW र भक्तपुर नगरपालिका बीच सम्झौता भए बमोजिम यस न.पा.बाट गठित Project Implementation Unit को टिम लिडर गणेशराम न्हेम्यहाफुकीको अफिस व्यवस्थापन र जनशक्ति व्यवस्थापनको लागि प्राप्त प्रतिवेदन उपर छलफल हुंदा हाललाई उक्त परियोजनाको लागि आवश्यक देहाएका कर्मचारीहरुलाई कामकाज गर्न खटाउने निर्णय गरियो :

- जि.अ. रेभिड कुस्मा : साविक कार्यका साथै PIU को अफिस व्यवस्थापनको थप जिम्मेवारी दिने ।
- आ.ई. विनिता श्रेष्ठ

५. यस न.पा.को वडा नं. १,३,४,५,६,७, ८, ११, १३, १४, १५, १७ वडाका सफाई सम्झौताका व्यक्तिहरु र अरु सेवा करारका व्यक्तिहरुको सम्झौताको म्याद यही २०७३ असाढ मसान्तसम्म मात्र भएको र सफाईको काम निरन्तरता दिनको लागि मिति २०७४ असार मसान्तसम्मको लागि म्याद थप गरी कार्य गराउने निर्णय गरियो ।

६. भ.न.पा.वडा नं. १, च्याम्हासिंहस्थित च्याम्हासिंह पोखरी वेड सफाई गर्ने कार्यका लागि रु.२,१२,१०३।१८ मिति २०७०।१०।१० मा इष्टिमेट स्वीकृत गरी स्थानीय उपभोक्ता समितिका अध्यक्ष श्री श्याम कृष्ण प्रजापतिले रु.१,५०,०००।- (एक लाख पचास हजार) पेश्की लिनु भै मिति २०७२।२।३० मा कार्य सम्पन्न गरी निर्माण सामाग्री र श्रमिक तर्फ कूल रु.२,८७,६४७।- बराबरको खर्चको फांटवारी पेश गर्नु भएको तथा रु.५३,६७५।- बराबरको जनश्रमदान समेत जुटेको व्यहोरा लेखी आफ्नो नाउंको पेश्की रु.१,५०,०००।- पेश्की फछ्यौंट गरी नपुग रु.१,४७,६४७।- भुक्तानी माग गर्नु भएकोमा तत् सम्बन्धमा सम्पन्न कार्यहरुको नाप जांच गरी कार्य मूल्यांकन गर्दा कुल रु.३,६३,०९१।४५ बराबरको कार्य भएको देखिएको, समितिले गत आ.व. ०७०।७१ को कार्य सम्पन्न गरी पेश्की फरफारक गर्न आउनु पर्नेमा यस कार्यालयबाट ताकेता पश्चात् मिति २०७३।२।१८ मा पे.फ. को निवेदन दर्ता हुन आएकोले म्याद थप सम्बन्धी कतै सम्बोधन नभएकोले शुरु स्वीकृत इष्टिमेट बमोजिम कूल रु.२,१२,१०३।१८ मा, निजको नाउंमा रहेको पेश्की रु.१,५०,०००।- पेश्की फछ्यौंट गरी बांकी रु.६२,१०३।- मात्र थप भुक्तानी हुन तथा कार्यालयको खुद खर्च रु.२,१२,१०३।- समर्थन हुन निर्णयार्थ पेश गरेकोमा सोको भुक्तानी दिने निर्णय गरियो ।

७. सेवाको कदर स्वरुप सम्मान गर्नेबारे यस न.पा. मा २०३९ सालदेखि सफाई मजदुर पदमा कार्यरत माहिला कोजु क्यान्सर रोग लागि सेवाबाट अवकास लिनु भएकोले उहांले यस न.पा.मा २०३९ सालदेखि सफाई

कार्यमा निरन्तर रुपमा लागि इमान्दारपूर्वक सेवा गरेको हुंदा उहांको सेवालाई कदर गर्दै सम्मान स्वरुप रु.१,००,०००।- (एक लाख) नगद उपलब्ध गराउने निर्णय गरियो ।

८. यस कार्यालय पर्यटन सूचना केन्द्र निर्माण कार्यको लागि डोजरबाट टहरा भत्काउने क्रममा घाइते भएका ड्राइभर मनोज छुकांको उपचार गर्न विजय राम कोजुलाई रु.५०,०००।- पेश्की गएको मध्ये रु.१,०६,९८१।- खर्च विल भर्पाई पेश गरेको हुंदा निजको नामको रु.५०,०००।- पेश्की फछ्यौंट गरी नपुग रु.५६,९८१।- भुक्तानी गएकोले रु.१,०६।९८१।- खर्च समर्थन गर्ने निर्णय गरियो ।

९. यस न.पा.को मिति २०७३।२।६ गतेको बोर्ड बैठकबाट April 28, 2016 मा Embassy of the People's Republic of China को पत्रानुसार औपचारिक रुपमा भगिनी सम्बन्धमा सम्झौता गर्न मिति २०७३।४।२९ गतेदेखि २०७३।५।२ सम्म यस न.पा.बाट सान्नान प्रिफेक्चरसँग भगिनी सम्बन्ध स्थापनाको लागि जाने प्रतिनिधि मण्डललाई आवश्यक खर्च यस न.पा.बाट व्यहोरिने निर्णय भएकोमा सो को सट्टा प्रतिनिधिमण्डललाई Embassy of the People's Republic of China बाट व्यहोर्ने आतेजातेको टिकट खर्च र अन्य खर्च बाहेक राहदानी वापतको शुल्क र नियमानुसार पाकेट खर्च मात्र यस न.पा.बाट व्यहोर्ने निर्णय गरियो ।